# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## राक्सिराङ्ग गाउँपालिका

### मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राक्सिराङ्ग गाउँपालिका

### मकवानपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राक्सिराङ्ग गाउँपालिका

मकवानपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित

नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको ,लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र २९

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**बागमति लेखापरीक्षण [illegible]निर्देशनालय, बबरमहल**

पत्र संख्याः २०७९।८०
च.नं. ५२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
राक्सिराङ्ग गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मकवानपुर ।

## कैफियत सहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड २० लाख १७ हजार बेरुजू देखिएको छ। सो मध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१९ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९१ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु ९३ लाख १८ हजार र पेश्की रू.१६ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.६ करोड ४१ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा सम्परिक्षणवाट रु.३ करोड ५३ लाख ९० हजार फछ्र्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ८ लाख १४ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत

आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

## राक्सिराङ्ग गाउँपालिका, मकवानपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २७ | ३५ | ४२०१७ | ० | ० | ० | २७ | ३५ | ४२०१७ | १९१४ | ९३१८ | २९१८३ | ० | ० | ३८५०२ | १६०० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | प्रतिकृयाबाट कुनै पनि दफा फर्छ्यौट नभएको । | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| राक्सिराङ्ग गाउँपालिका मकवानपुर | ६४१८७ | ० | ३५३९० | २८७९७ | ० | ४२०१७ | ७०८१४ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : राक्सिराङ्ग गाउँपालिका, मकवानपुर , रक्सिरंग गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देव चन्द्र गर्तौला | २०७८-४-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेन्द्र भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४२,०१७,१०९.४१ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०,५८,९१,८०६.४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,९१,२६,१२१.८५ | **चालु खर्च** | २५,६३,५५,६३७.७३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,९७,१४,३२९ | **पूँजीगत खर्च** | २०,३१,८०,३१२.६४ |
| **राजश्व बाँडफाँट** | १०,८५,७३,७१५ | **वित्तीय/अन्य व्यवस्था** | ९,१७,४५,०१६ |
| **आन्तरिक आय** | ४,११,६६,४६१ | | |
| **अन्य आय** | १०,३०,०६,५४४ | | |
| **कुल आय** | ५६,१५,८७,१७०.८५ | **कुल खर्च** | ५५,१२,८०,९६६.३७ |
| **बाँकी मौज्दात** | | ११,६१,९८,०१०.९१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाईगुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, २२६ वर्ग किलो मिटर क्षेत्रफल तथा २५ हजार८७१ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः<br>
<table>
<tr><th>विवरण</th><th>टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th></th><th></th><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५३९०८६८४२.८८</td><td>४७५५१५३२३.१९</td><td></td><td>४७५५१५३२३.१९</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५३२८८६८४२.८८</td><td>४५८५८०६२७.१९</td><td>०</td><td>४५८५८०६२७.१९</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>१०४५९१८४२.८८</td><td>१०८५७३७१५.२७</td><td>०</td><td>१०८५७३७१५.२७</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३८०८३५०००.</td><td>३०९२२८४५०.८५</td><td>०</td><td>३०९२२८४५०.८५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकार | १२ | ३१९४६६०००. | २६९१२६१२१.८५ | ० | २६९१२६१२१.८५ | |
| | | | प्रदेश सरकार | १२ | ६१२६९०००. | ३९७१४३२९. | ० | ३९७१४३२९. | |
| | | | अन्तरिक श्रोत | | १०००००. | ३८८०००. | ० | ३८८०००. | |
| | | | १४००० अन्य राजस्व | | ४६६६००००. | ३९९६२४१७.०७ | ० | ३९९६२४१७.०७ | |
| | | | १५००० विविध प्राप्ति | | ८०००००. | ८१६०४४. | ० | ८१६०४४. | |
| | | | ख. अन्य प्राप्ति | | ६२०००००. | १६९३४६९६. | | १६९३४६९६. | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | १३९९९३०४. | ० | १३९९९३०४. | |
| | | | कोषहरु | | ६२०००००. | ० | ० | ० | |
| | | | धरौटी | | ० | २९३५३९२. | ० | २९३५३९२. | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ६२२३२८७२१.८८ | ४६५२०९११८.३७ | | ४६५२०९११८.३७ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६१६१२८७२१.८८ | ४५९५३५९५०.३७ | | ४५९५३५९५०.३७ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १५५७४७१०७. | १३७८२८७२७.७८ | ० | १३७८२८७२७.७८ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८५१२८२४२.८८ | ६०३९१२०७. | ० | ६०३९१२०७. | |
| | | | २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | ० | ० | ० | ० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ५३७५११३०. | ३३३७८०७८.९५ | ० | ३३३७८०७८.९५ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १९७२४०००. | ५३९२०८५. | ० | ५३९२०८५. | |
| | | | २८००० अन्य खर्च | १८ | ३९४०३२६१. | १९३६५५३९. | ० | १९३६५५३९. | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६२३७४९८१. | २०३१८०३१२.६४ | ० | २०३१८०३१२.६४ | |
| | | | घ. अन्य भूक्तानी | | ६२०००००. | ५६७३१६८. | | ५६७३१६८. | |
| | | | कोषहरु | | ६२०००००. | ३०९७४८३. | ० | ३०९७४८३. | |
| | | | धरौटी | | ० | २५७५६८५. | ० | २५७५६८५. | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -८३२४१८७९. | १०३०६२०४.८२ | | १०३०६२०४.८२ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०५८९१८०६.४३ | | १०५८९१८०६.४३ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -८३२४१८७९. | ११६१९८०११.२५ | | ११६१९८०११.२५ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ११६१९८०११.२५ | | ११६१९८०११.२५ | |

<table>
<tr><td>३</td><td></td><td></td><td>
अन्तरसरकारी वित्तीय हस्तान्तरण : उल्लेखित वित्तीय विवरणमा देहाय वमोजिम अन्तरसरकारी कारोवार समावेस नभएकोले उक्त कारोवारले वित्तीय कारोवारको यथार्थ चित्रण गर्दैन ।
<table>
<tr><th>सि.न.</th><th>वजेट उपशिर्षक</th><th>निकासा खर्च</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>स्थानीय तह प्रशासनिय भवन पूर्वाधार</td><td>५३८८०००</td><td>५३८८०००</td></tr>
<tr><td>२</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२५०००००</td><td>२५०००००</td></tr>
<tr><td>३</td><td>गरिबसंग विश्वेश्वर कार्यक्रम</td><td>६४९४००</td><td>-</td></tr>
<tr><td>४</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>७७५३४४४८</td><td>-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८६०७१८४८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>खर्च बिश्लेषण- पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु.४ करोड ११ लाख ६६ हजार , राजस्व बाँडफाँडबाट रु १० करोड ८५ लाख ७३ हजार र अनुदानबाट रु ३० करोड ९२ लाख २८ हजार र अन्य आयबाट रु.१ करोड ६९ लाख ३४ हजार समेत रु.४७ करोड ५५ लाख १५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२५ करोड ६३ लाख ५५ हजार र पूँजिगत तर्फ रु.२० करोड ३१ लाख ८० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.४ करोड ११ लाख हजार (८.९) प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु.१३ करोड ७८ लाख २८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३ गुणा हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.७ प्रतिशत चालु र ४४.३ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण- आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>• विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो ।<br><br>• रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो ।<br><br>• निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन ।<br><br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन | |

| | | | | |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । | |
| ६ | | | **कानून कार्यान्वयनको अवस्था कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन,नियमावली, कार्यविधि लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७ | | | **न्याय सम्पादन-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्क्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।<br><br>**अ ल्या** \| **यस बर्ष थप** \| **जम्मा** \| **फछ्यौंट** \| **माथिल्लो निकायमा प्रेषण** \| **मौज्दात**<br>१० \| २ \| १२ \| ८ \| ४ \| ० | |
| ८ | | | **अवण्डा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पूँजीगत तर्फका विभिन्न बजेट शिर्षकमा प्रयोजन नखुलेका रकम एकमुष्ट विनियोजन गरी आ.व.को अन्यमा विभिन्न योजनमा खर्च गर्ने गरेको देखिन्छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **समन्वय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आफ्नो बार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ । | |
| १० | | | **चैमासिक खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजीगत | २०३१८० | ६२९७ | ७२५७७ | १२४३०६ | ४७५५३ |

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **क्षेत्रगत-** पालिकाको क्षेत्रगत रुपमा कुल बजेट ६१ करोड ६१लाख २८ हजार र खर्च ४५ करोड ९५ लाख ३५हजार को आधारमा समग्र रुपमा ७४.९८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | खर्च | खर्च (%) |
|---|---|---|---|
| १ | आर्थिक विकास | २५८०७०३४ | ५.६ |
| २ | सामाजिक विकास | १९२९८२१६४ | ४१.९ |
| ३ | पूर्वधार विकास | १६८५२९६०२ | ३६.६ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १२९३८५५२ | २.८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५९२७८५९६ | १२.८ |
| | जम्मा | ४५९५३५९५० | १०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **ठेक्का व्यवस्थापनः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए | |

<table>
<tr><td></td><td></td><td></td><td>बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष ५ वटा ठेक्का व्यवस्था गरेकोमा स्थानीय सडक तथा विभिन्न निर्माण कार्यको लागि नियममा व्यवस्था भए अनुसार प्रथम चौमासिकमा १ वटा ठेक्का सम्झौता भएकोमा बाँकी ४ वटा दोस्रो चौमासिकमा समझौता भई सोहि अनुसार कार्यदिश दिएको देखिन्छ। जसको फलस्वरुप समयमै कार्य सम्पन्न नभई म्याद थप गरेको छ। अतः नियमानुसार समयमै ठेक्का बन्दोबस्त गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना र कार्यान्वयन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथ मिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्ः-<br>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th></tr>
<tr><td>१</td><td>रु.५० हजार देखि १ लाख सम्म</td><td>७</td></tr>
<tr><td>२</td><td>रु.१ लाख देखि १.५ लाख सम्म</td><td>३४</td></tr>
<tr><td>३</td><td>१.५ लाख देखि ५ लाख सम्म</td><td>१८६</td></tr>
<tr><td>४</td><td>५ लाख देखी २५ लाख सम्म</td><td>१०२</td></tr>
<tr><td>५</td><td>२५ लाख भन्दा माथी</td><td>७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>लक्ष्य प्रगति- गाउँपालिकाले यसवर्ष ३४१ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये उ. स. मार्फत कार्य भएको ३३६ वटा योजनाको र ठेक्का तर्फ ५ वटा वटा योजना सम्पन्न गरेको मध्ये पालिकाले लक्ष्य प्रगति तयार गरेको देखिएन जसकारण पालिकाको यथार्थ लक्ष्य प्रगतिको विश्लेषण गर्न नसकिएको हुदा पालिकाले नियमानुसार लक्ष्य प्रगतिको विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पेश्की व्यवस्थापन- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. ५४ लाख</td><td>१,६००,०००</td></tr>
</table>

८२ हजार र म्याद सकिएको पेश्की रु१६ लाख फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाधेको | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | चेपाङ्ग संग्रालय तथा काेशेली घर निर्माण वडा नं.५ | बानिया । सुन्दर नेपाल जे.भी. (चेपाङ म्युजियम निर्माण, राक्सिराङ‘५) | | ०७/२८/२०७८ | १६००००० |
| २ | दुङ्ग अठारे सडक निर्माण | काष्ठमण्डप — आजिबन जे.भी. | २७००००० | १०/२५/२०८० | |
| ३ | चेपाङ्ग संग्रालय तथा काेशेली घर निर्माण वडा नं.५ | बानिया । सुन्दर नेपाल जे.भी. (चेपाङ म्युजियम निर्माण, राक्सिराङ‘५) | १६००००० | १२/२५/२०७९ | |
| ४ | देवीटार पाङथली सिलिङ्गे सडक | शिखर इन्जिनियरीङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ८३२०२१. | ०४/२२/२०७९ | |
| ५ | मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम | डिभिजन वन कार्यालय राप्ती मनहरी | २०००००. | ०१/०७/२०७९ | ० |
| ६ | बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | ग्रामीण जागरण तथा विकास (राडो) | १५००००. | ०४/२८/२०७९ | |
| कुल जम्मा | | | ५४८२०२१. | | १६०००००. |

१६ **आन्तरिक लेखापरीक्षण-** आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक

<table>
<tr><td></td><td></td><td></td><td>कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td>२०७९-९-२३</td><td>कोभिड भत्ता- आयकर ऐन, २०५८ बमोजिम भत्ता वितरणमा १५ प्रतिशत अग्रिम कर कट्टा गरेर भुक्तानी गर्नु पर्नेमा देहायका पदाधिकारीहरुलाई उल्लेखित व्यवस्था बमोजिम कोभिड भत्ता वितरण गर्दा कर कट्टा नगरी भुक्तानी गरेकोले निम्नानुसार रु.१३५१५०.०९ सम्वन्धित कर्मचारीहरुवाट असुल गरी दाखीला गर्नुपर्ने रु.</td><td>१३५,१५०.०९</td></tr>
</table>

| सि.न. | भौ.न. र मिति | विवरण | रकम | रकम |
|---|---|---|---|---|
| १ | ६४।०६।२४ | डा. धन वहादुर खत्री | ५५८५७ | ७८१७.९८ |
| २ | | बिजय कुमार कापरी | ३९००९ | ५४६१.२६ |
| ३ | | सिमा मिश्र | ५३१०५ | ७४३४.७ |
| ४ | | यम प्रसाद गौतम | ३९००९ | ५४६१.२६ |
| ५ | | निर्मला ब्लोन | ३६८०९ | ५१५३.२६ |
| ६ | | राजेन्द्र थिङ | ३६८०९ | ५१५३.२६ |
| ७ | | रेविना लामा | ३६८०९ | ५१५३.२६ |
| ८ | | सामेला अधिकारी | ३६८०९ | ५१५३.२६ |
| ९ | | सुवि मोक्तान | ३६८०९ | ५१५३.२६ |
| १० | | ममता सपकोटा | ३६८०९ | ५१५३.२६ |
| ११ | | अञ्जना मोक्तान | ३६८०९ | ५१५३.२६ |
| १२ | | सोभा मोक्तान | ३६८०९ | ५१५३.२६ |
| १३ | | मनिषा अन्सारी | ३६८०९ | ५१५३.२६ |
| १४ | | उग्रेन लामा रुम्बा | ३६८०९ | ५१५३.२६ |
| १५ | | जिवन ठकुरी | ३६८०९ | ५१५३.२६ |
| १६ | | गणेश कुमार मोक्तान | ३६८०९ | ५१५३.२६ |
| १७ | | मुकुन्द कुमार शाह | ३६८०९ | ५१५३.२६ |
| १८ | | युवराज आचार्य | ४९७८४ | ६९६९.७६ |
| १९ | | अन्जन हुटुवाल | ४९७८४ | ६९६९.७६ |
| २० | | सत्यन्द्र आचार्य | ३९००९ | ५४६१.२६ |
| २१ | | नारायण सिंह लामा | ३६८०९ | ५१५३.२६ |
| २२ | | केदार गिरी | २४८९९ | ३४८५.८६ |
| २३ | | भुपेन्द्र नगरकोटी | २४८९९ | ३४८५.८६ |
| २४ | | मिरास प्रजा | २४८९९ | ३४८५.८६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५</td><td rowspan="2"></td><td>रबिन्द्र प्रजा</td><td>२४८९९</td><td>३४८५.८६</td></tr>
<tr><td>२६</td><td>प्रबिना प्रजा</td><td>२४८९९</td><td>३४८५.८६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६५३७८</td><td>१३५१५०.०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
खरिद कार्यमा उपभोक्ता समितिको प्रयोग- सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ अनुसार उपभोक्ता समितिले पाएको कार्य अन्य निर्माण व्यवसायी तथा सव-कन्ट्राक्टर वाट गर्न नपाईने व्यवस्था छ । तर पालिकाले संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत निम्नानुसारको कार्य सवकन्ट्राक्टर वाट गराई उल्लेखित व्यवस्था बिपरीत भुक्तानी रु.३९३७६६९ दिएकोले नियम संगत नदेखिएको रु.
<table>
<tr><th>भौ. न .र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी</th><th>सबकन्ट्राक्टरको नाम</th></tr>
<tr><td>२।०७८।९।१८</td><td>काङ्सिकारङ्ग साजक लिफ्ट खा.पा. योजना</td><td>५९७९५५</td><td>सेन्टर फर रसेर्स कन्जरभेसन नेपाल प्रा. लि .</td></tr>
<tr><td>१३।०७८।११।८</td><td>ठुलोपाटा खापा योजना उ.स. वार्ड नं. ९</td><td>५०००००</td><td>टप्सन इनर्जि प्रा. लि .</td></tr>
<tr><td>५६।०७९।३।६</td><td>भिम्वुङ्ग लिफ्ट खानेपानी योजना</td><td>२८३९७१७</td><td>नारायणी पावर सोलुसन प्रा. लि .</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९३७६६९</td><td></td></tr>
</table>
</td><td>३,९३७,६७२</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
कन्टीजेन्सी- प्रदेश सरकारवाट प्राप्त देहायको कार्यक्रममा कन्टिजेन्सी वापत कट्टा गरेको रकम खर्च नभै बाँकी रहेको देखिदा उक्त रकम प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>सि. न .</th><th>कार्यक्रम</th><th>फिर्ता गर्नुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>भूमीथुङ्ग मोटर वाटो निर्माण</td><td>३९९२७</td></tr>
<tr><td>२</td><td>कोरवाटे सामुदायीक योगा भवन निर्माण</td><td>६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९९९२७</td></tr>
</table>
</td><td>९९,९२७</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
पेश्की- देहायका कार्यक्रम अन्तर्गत म्याद ननाघेको निम्ननुसारको पेश्की रकम नियमानुसार कार्यसम्पादन गरी फरफारक गर्नुपर्दछ ।
<table>
<tr><th>सि. न .</th><th>कार्यक्रम</th><th>पेश्की पाउने</th><th>रकम</th></tr>
<tr><td>१</td><td>एकिकृत स्वास्थ्य</td><td>लामा वानियो जेभि</td><td>२५०००००</td></tr>
<tr><td>२</td><td>स्थानीय तह प्रशासकिय भवन निर्माण</td><td>जयमाता ईन्जिनियरीङ्ग कं. प्रा . लि .</td><td>५३८८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७८८८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td>२१</td><td></td><td></td><td>फर्निचर- प्रदेश पूर्वाधार,स्वास्थ्य प्रवर्धन तथा कोभिड पुर्नःस्थापना साझेदारी कार्यक्रम अन्तर्गत भौ.न. १७ मिति ०७९।३।२३ वाट जनज्योती आवसीय विद्यालय श्री मा.वि. देवीटार र धिरगं आ.वि. को लागी खरिद गरिएका फर्निचरहरु सम्वन्धित विद्यालयमा जिन्सी खातामा दाखिला नगरेको भनि आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेकोमा लेखापरीक्षण अवधि २०७९।०९।१५ सम्म पनि दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>भ्रमण खर्च- बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । वडा अध्यक्षले अनुसूची १(ख)९ अनुसारको भ्रमण खर्च पाउने व्यवस्था गरेको छ । सोही ऐनको ७.१ मा आफ्नो कामको सिलसिलामा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची -१ क. मा उल्लेख भएबमोजिम भत्ता पाउने व्यवस्था छ। पालिकाले देहायका पदाधिकारीलाई आफ्नो क्षेत्र भित्र भ्रमण गर्दा भुक्तानी दिएको नियम संगत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.न./ मिति</th><th>व्यहोरा</th><th>भ्रमण गरेको मिति</th><th>भ्रमण गरेको स्थान</th><th>रकम</th></tr>
<tr><td>११५।०८।२२</td><td>गाउँपालिका उपाध्यक्ष</td><td>०७।१०-०७।१५ र ०८।०८-०८।१३</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१६८००</td></tr>
<tr><td>१८९।१०।१२</td><td>गाउँपालिका उपाध्यक्ष</td><td>०९।५-९।९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१२०००</td></tr>
<tr><td>१४६।९।१८</td><td>गा.पा. अध्यक्ष</td><td>९।४-९।९९</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१००००</td></tr>
<tr><td>१८९।१०।१२</td><td>गा.पा. अध्यक्ष</td><td>१०।५-१०।११</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१००००</td></tr>
<tr><td rowspan="2">२७१।११।२२</td><td>गा.पा. अध्यक्ष</td><td>१०।१४-१०।२३</td><td>वडा कार्यालयहरुको भ्रमण</td><td rowspan="2">१४४००</td></tr>
<tr><td>गा.पा. अध्यक्ष</td><td>११।७-११।१५</td><td>वडा कार्यालयहरुको भ्रमण</td></tr>
<tr><td>३५५।१२।३०</td><td>गा.पा. अध्यक्ष</td><td></td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१५३८५</td></tr>
<tr><td>३५५।१२।३०</td><td>गाउँपालिका उपाध्यक्ष</td><td></td><td>वडा कार्यालयहरुको भ्रमण</td><td>१५३८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९३९७०</td></tr>
</table></td><td>१८७,९४०</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आयकर- आयकर ऐन २०५८ को दफा ८७(१) रोजगारी वाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आय गणना गर्दा समावेश गरीने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ भए बमोजिमको दरले हुनेगरी</td><td>७८,४७४</td></tr>
</table>

करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीहरुको आयकर वापत रु. ७८४७४ असुल गर्नु पर्ने रु.

| सि.न. | विवरण | तिर्नु पर्ने कर |
|---|---|---|
| १ | ले.अ. आठौ श्री राजेन्द्र भट्टराई | ६५४४ |
| २ | छैठौ अधिकृत श्री चुननारायण श्रेष्ठ | ११३८ |
| ३ | प.हे.न. श्री सिमा मिश्र | २०४०८ |
| ४ | हे.ई. श्री यप प्रसाद गौतम | ३२५१ |
| ५ | प.हे.न. श्री अंकमाया थिङ्ग | १४४२८ |
| ६ | हे.ई. श्री सुर्य वहादुर थिङ्ग | १७३२८ |
| ७ | अ.न.मी. श्री जुनमायाँ गलान | ३२५१ |
| ८ | कविराज श्री राम वचन शाह | ७७२९ |
| ९ | रोजगार संयोजक श्री गोविन्द विश्वकर्मा | ४३८७ |
| | जम्मा | ७८४७४ |

२४ — ४४,२४२

**दोहोरो खाता नं.-** पालिकाले देहायका लाभग्राही हरुलाई त्रैमासिक रुपमा BOK बैङ्क वाट भत्ता वितरण गर्दा देहायका लाभग्राहीको बैङ्क खाता नम्बर दोहोरिएको देखिन्छ पालिकाले दोहोरीएको खाताको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| SATN | | ID | SPN | MN | CN | BA | AMT |
|---|---|---|---|---|---|---|---|
| CNGD | 4 | 11010088 | BOKR | Aaush Sunar | | 178700001517524 | 1596 |
| CNGD | 4 | 11010088 | BOKR | Aaush Sunar | | 178700001517524 | 1596 |
| SCAO | 1 | 11010088 | BOKR | Suku Maya Praja | 31227500126 | 178700001641524 | 12000 |
| SCAO | 1 | 11010088 | BOKR | Suku Maya Praja | 31227500126 | 178700001641524 | 12000 |
| SCAO | 2 | 11010088 | BOKR | Bishnu Lal Muktan | 247 | 178700001784524 | 4000 |
| SCAO | 2 | 11010088 | BOKR | Bishnu Lal Muktan | 247 | 178700001784524 | 4000 |
| SCAO | 2 | 11010088 | BOKR | Dhan Maya Muktan | 313040/205 | 288700280001NPR | 2533 |
| FD | 2 | 11010088 | BOKR | Soman Singh Praja | 31/046 | 288700280001NPR | 3325 |
| CNGD | 3 | 11010088 | BOKR | Aaush Sunar | | 178700001517524 | 1596 |
| CNGD | 3 | 11010088 | BOKR | Aaush Sunar | | 178700001517524 | 1596 |
| | | | | **Total** | | | **44242** |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **बैङ्क खाता अद्यावधिक-** सामाजिक सुरक्षा कार्यविधि अनुसार खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरे नगरेको, स्थानीय तहबाट डमी एकाउन्ट खोलिएको लाभग्राहीबाट केवाईसी अपडेट समेत नभएको खातमा जम्मा भएको रकम तथा जि एल एकाउण्ट बैकबाट फिर्ता लिई संघीय संचितको दाखिला गरे नगरेको | ५९४,२४५ |

| सि.न. | बिवरण | रकम |
|---|---|---|
| १ | दुर्गा वहादुर सितन | १२००० |
| २ | ठुली माया वाईवा | ७३४८१.२५ |
| ३ | श्रमती सन्त कुमारी ठकुरी | ३२६६९.२२ |
| ४ | पुर्ण वहादुर रुम्वा | ३६००० |
| ५ | श्रीमती धनकुमारी थिङ्ग | ४५३०२ |
| ६ | फुलमाया मुक्तन | ८००० |
| ७ | विजय कुमारी राना मगर | १२००० |
| ८ | सुन वहादुर सान्तान | १२००० |
| ९ | आयुस सुनवार | ३२०० |
| १० | कान्छीमाया मुक्तान | १२००० |
| ११ | गंगामाया प्रजा | १६००० |
| १२ | जमन सिंह मोक्तान | १२००० |
| १३ | सीताराम स्याङ्ताङ | ६४०० |
| १४ | सेतीमाया वल | १२००० |
| १५ | कृष्णमाया स्यान्टान | ३२४३१.८७ |
| १६ | अन्तरीमाया प्रजा | ३६००० |
| १७ | मरासनी मोक्तान | २४००० |
| १८ | अजित विश्वकर्मा | १६०० |
| १९ | कान्छीमाया चेपाङ्ग | १२००० |
| २० | कृष्ण वहादुर प्रजा | २४००० |
| २१ | हरी वहादुर स्याङ्ताङ्ग | ६०२८० |
| २२ | तेज वहादुर कार्कि | ४८५६७.१९ |
| २३ | ढोलीमाया घलान | ६०७१३.७३ |
| २४ | आयुष सुनवार | १६०० |
| | जम्मा | ५९४२४५ |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **सामाजिक सुरक्षा भत्ता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७(१८)३ मा भत्ता वितरण भई निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक नियकाले विल भरपाई तथा प्रमाण कागजातको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष BOK बैङ्क मार्फत जम्मा ९ वटा वडाँबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागी प्रथम त्रैमासिकमा १८२६ जना लाभग्राहीको लागी रु.१९१६४७५५ , दोस्रो चौमासिकमा १८५५ लाभग्राहीको लागी रु.१९४०९५६३ तेस्रो चौमासिकमा १८६७ लाभग्राहीका लागि रकम रु.१९५०९३०२ चौथो चौमासिकमा १८५८ लाभग्राहीका लागि रकम रु१९४५०७८८ गरी जम्मा लाभग्राही ७४०६ का लागि जम्मा रकम रु.७७५३४४४८ खर्च भएको छ । | |
| २७ | | २०७९-९-२४ | **ढिला दाखिलाः-** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी श्रेस्ता खडां गर्नुपर्ने र दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले तोकिए बमोजिम जरीवाना गरी कसुरको मात्रा अनुसार कारवाही गर्न गराउन सक्ने व्यवस्था छ, तर पालिकाले पेश गरेको रकम दाखिला गरेको भौचरको विवरण अनुसार जेष्ठ १८ पश्चात रकम आम्दानी नभएकोमा २०७९।२।२० देखि २०७९।३।२९ सम्म रु.३८३१३०४ रकम १० पटक गरी दाखिला गरेकोमा पालिकाले ढिला हुनाको कारण स्पष्ट नगरेकोले समयमै दाखिला गरी राजश्व अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| २८ | | | **अन्य करः-** पालिकाले आर्थिक ऐन,२०७८ बमोजिम उल्लेख गरेको जडिवुटी, कवाडी र जिवजन्तु कर, विज्ञापन कर, मनोरञ्जन कर, वहाल विरौटी कर असुल गरेको नदेखिदा कानूनमा व्यवस्था भएको उल्लेखित कर असुल गरी आम्दानी वृद्वी गर्नुपर्दछ । | |
| २९ | | | **ब्याक हो लोडरः-** पालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर वाट आ.व. ०७८।७९ मा रु.१२५८०० आम्दानी देखाएकोमा थप व्यहोरा निम्नानुसार छन् ।राक्सिराङ्ग पालिकाको व्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ को नियम ५(क) बमोजिम व्याक हो लोडर संचालन तथा व्यवस्थापनको लागी वार्षिक वजेट (आय-व्यय) तर्जुमा गरी स्वीकृतीको लागी राक्सिराङ्ग गाँउ कार्यपालिकामा सिफारिस गर्नुपर्नेमा त्यसप्रकारवाट आय-व्यय तयार गरी पेश नगरेकोले नियमानुसार आय-व्यय तयार गरी स्वीकृत गर्नुपर्दछ । | |
| ३० | | | **न्यून संचालनः-** संचालन कार्यविधिको सि.न. ७(२) बमोजिम गाँउपालिका भित्र र पालिका वाहीर प्रतिघण्टा क्रमशः | |

| | | | | |
|---|---|---|---|---|
| | | | ८०० र १००० (ईन्धन वाहेक) को दरले सेवाशुल्क लिने उल्लेख गरेकोमा भाडामा औषत वार्षिक १४० घण्टा मात्र न्यून अवधि संचालनमा आएको देखिदा पालिकाले अधिकतम रुपमा प्रयोग गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ । | |
| ३१ | | | **बढी भुक्तानी** :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकाय सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्य तर्फ मासिक रु ३०२२० का दरले भुक्तानी दिने गरी माँया लामा लाई करार नियुक्ती गरी तलव भत्ता भुक्तानी गर्दा मंसिर देखि चैत्र सम्म रु ३२९५५ का दरले भुक्तानी भई बढी भुक्तानी भएको रु ८५०० असुल गरी दाखिला गर्नुपर्ने रु | ८,५०० |
| ३२ | | | **डिजिटल प्रोफाइल तयार** : पालिकाले पालिका डिजिटल प्रोफाइल तयार गर्नको लागि रु १९००००८ को लागत अनुमान तयार गरी गाउपालिकाबाट रु १००००००८ र प्रधानमन्त्री रोजगार कार्यक्रमको शिर्षकबाट रु ९००००० बाट विनियोजन हुने गरी परामर्श सेवा लिन आव्हान गरेको अवस्थामा प्राविधिक तथा आर्थिक रुपमा सारभूत ठहर भएको स्मार्ट पालिकासँग ५ बर्षको कार्यअवधि हुने तथा सो बातप २५ प्रतिशत रकम सम्झौता भएको बखत , ३५ प्रतिशत रकम मध्य अवधिमा र अन्तिम ४० प्रतिशत रकम आयोजना सम्पन्न गरी हस्तान्तरण भएको अवधी सम्म सम्झौता बमोजिम रु ९९०००० भुक्तानी हुने गरि मिति २०७७।११।२३ सम्झौता भएकोमा गत बर्ष गो भौ नं ३३६।०७७।१२।२७ बाट रु २४७००० पेश्की बापतको रकम उपलव्ध गराएकोमा यस बर्ष कार्यसम्पन्न बापत गो भौ नं ११८।०७८।८।२५ बाट रु ५९४००० र गो भौ नं २०५।०७९।१०।१८ बाट रु ३९६००० गरी रु ९९०००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) सम्झौता बमोजिम ५ बर्षको कार्यदेश दिएकोमा २ बर्षमै कार्य भएको भनी सवै रकम भुक्तानी भएको हुदा कार्यदेश बमोजिम कार्य भए। नभएको एकिन गर्न सकिएन । साथै उक्त योजना अनुसार लेखापरीक्षणको अवधिसम्म समेत उक्त प्रोफाइल पूर्ण विवरण तथा पूर्ण चरणमा संचालन नभएको हुदा सम्झौता अनुसारको कार्य गर्नु गराउनुपर्दछ ।<br><br>ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१(७) मा परामर्श सेवा आपूर्ति गर्ने परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका डिजिटल प्रोफाइलका लागि रु १९ लाख खर्च गरेकोमा | १,९००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सो को विमा बापतको प्रमाण पेश गर्नुपर्दछ ।<br><br>ग) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण कार्यको एकिकृत लागत अनुमान तयार गरी सो को आधारमा प्राविधिक द्वारा तयार गरेको नापी किताव तथा प्राविधिक विलको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा डिजिटल प्रोफाइल तयार गर्न तयार गरेको एकिकृत लागत अनुमान र सो अनुसारको एकिकृत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | |
